" दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री "

# चुमनुब्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्या :२०८१/८२

चलानी नं. :

**तह वृद्धिको लागि आवेदन फारम भर्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८२/०३/१६

**सूचना नं ०१/२०८१/८२(तहवृद्धि)**

गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन ,२०७९ को परिच्छेद (५) दफा (२७) र स्थानीय सेवा (गठन तथा सञ्चालन ) नियमावली, २०८० को परिच्छेद (८) दफा (४८) बमोजिम तहवृद्धि हुने भन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पुरा गरेका र तोकिए बमोजिमको पछिल्ला बर्षहरुको कार्य सम्पादन मुल्याङ्कनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीहरलाई सम्बन्धित सेवा समूह वा उप समूह भित्रका पदमा तह वृद्धि प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा (२७) बमोजिमको योग्यता पुरा गरेका तथा दफा (३१) बमोजिमको नकारात्मक सुचिमा नपरेका योग्यता पुगेका इच्छुक स्थायी कर्मचारीहरुले चुमनुब्री गाउँपालिकाको कार्यालयबाट तह वृद्धिको आवेदन फारम लिई फारममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा २ प्रति भरी मिति २०८२/०३/२२ गते सम्ममा यस गाउँपालिका कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको म्याद भित्र प्राप्त हुन नआएका अधुरो विवरण भरी पेश भएमा वा तोकिए बमोजिमको कागजात संलग्न नभएका आवेदन माथि कुनै कारबाही नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ।

**पुनश्चः तह वृद्धि सम्बन्धित अन्य व्यवस्थाहरु गण्डकी प्रदेश सरकारको स्थानीय सेवा(गठन तथा सञ्चालन ) ऐन ,२०७९ को परिच्छेद (५) दफा (२७) र स्थानीय सेवा (गठन तथा सञ्चालन ) नियमावली, २०८० को परिच्छेख (८) दफा (४८) बमोजिम हुनेछ।**

०८२.०३.१६

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

*Website: chumanuwrimun.gov.np* *Email: chumanuwrimun@gmail.com*